# संघीय संसद
# प्रतिनिधि सभा
चौथो अधिवेशन
## बैठक संख्या - ४२

## सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७६ साल साउन २० गते सोमबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री कृष्ण बहादुर महराको अध्यक्षतामा दिनको १:५० बजे प्रारम्भ भयो ।

सर्वप्रथम निम्नलिखित मा० सदस्यहरुले सदनको गतिरोध अन्त्य गर्न सभामुखले खेलेको भूमिकाप्रति आभार व्यक्त गर्दै आउँदा दिनमा सदन राष्ट्रको विविध समस्या समाधानको थलो बनोस् भन्दै आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री पुष्पा भुसाल (गौतम)
२. मा० श्री राजकिशोर यादव
३. मा० श्री देवप्रसाद गुरुङ

तदुपरान्त सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १७७ बमोजिम अध्ययन तथा सुझाव संसदीय विशेष समिति गठनको लागि समितिमा रहनुहुने मा० सदस्यहरुको नामावली सहितको निम्नलिखित प्रस्ताव प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

> सार्थक वार्ता तथा संवाद मार्फत् संसदको वर्तमान गतिरोध अन्त्य गरी संसदलाई प्रभावकारी बनाउने निष्कर्षमा हामी पुगेका छौं । फेरि यस्तो गतिरोधको अवस्था उत्पन्न नहोस् भन्ने बारेमा संविधान, नियम र स्थापित परम्परा अनुसार आवश्यक अध्ययन गरी सुझाव दिन देहाय बमोजिमको समिति गठन गर्न प्रस्ताव गर्दछु ।

१. संसदीय विशेष समितिको गठन : (१) यस प्रस्ताव बमोजिम गठित समितिको नाम अध्ययन तथा सुझाव संसदीय विशेष समिति रहेको छ ।

(२) समितिमा देहाय बमोजिमका मा० सदस्यहरु रहने छन् ।

| | |
|---|---|
| १) मा० श्री सुवास चन्द्र नेम्वाङ्ग | संयोजक |
| २) मा० श्री उमाशंकर अरगरिया | सदस्य |
| ३) मा० श्री देवप्रसाद गुरुङ्ग | सदस्य |
| ४) मा० श्री पुष्पा भुसाल (गौतम) | सदस्य |
| ५) मा० श्री मिनेन्द्र प्रसाद रिजाल | सदस्य |
| ६) मा० श्री लक्ष्मणलाल कर्ण | सदस्य |
| ७) मा० श्री विन्दा पाण्डे | सदस्य |

२. समितिको कार्यविधिः

(१) सभामुखको निर्देशनमा रही समिति आफैंले आफ्नो कार्यविधि व्यवस्थित गर्न सक्नेछ ।

(२) समितिले आवश्यक देखेमा सम्बन्धित अन्य व्यक्तिको सहयोग लिन सक्नेछ ।

(३) समितिको अन्य कार्यविधि प्रतिनिधि सभा नियमावली, २०७५ बमोजिम हुनेछ ।

३. समितिको कार्यावधिः कार्य प्रारम्भ भएको मितिले तीस दिनको हुनेछ ।

तत्पश्चात सम्माननीय सभामुखले लाल आयोगको प्रतिवेदन सार्वजनिक गर्ने सम्बन्धमा विगतका बैठकहरुमा समेत ध्यानाकर्षण गराइसकेकोले यथाशीघ्र सो प्रतिवेदन सार्वजनिक गर्न सरकारलाई पुनः निर्देश गर्नुभयो ।

त्यसपछि मा० श्री राजेन्द्र महतोले नेपाल सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधि मन्त्रीले सरकारको निर्णय सार्वजनिक गर्दा राजेन्द्र महतो लगायत आठजनाको नेपाली नागरिकताको प्रमाणपत्र खारेज

गरेको भनी दिएको गैरजिम्मेवारपूर्ण अभिव्यक्तिका कारण सञ्चार माध्यमले समेत उक्त विषयलाई गैरजिम्मेवारी तरिकाले सम्प्रेषण गरेको भन्नुहुँदै यस्ता क्रियाकलापहरु बन्द गर्नुपर्छ भन्नुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले राष्ट्रपतिको कार्यालयबाट प्राप्त निम्नलिखित पत्रहरुको व्यहोरा पढेर सुनाउनु भयो ।

(क) सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूले नेपालको संविधानको धारा ७६ को उपधारा (९) बमोजिम सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा मिति २०७६।०४।१५ गते देहाय बमोजिमको नियुक्ति गरी कार्यविभाजन समेत गर्नुभएको व्यहोरा सादर अनुरोध गर्दछु ।

| क्र.सं. | नाम, थर | पद | कार्यविभाजन |
|---|---|---|---|
| १ | श्री योगेशकुमार भट्टराई | मन्त्री | सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन । |

मिति २०७६।०४।१५ (विनोद के.सी.)
सचिव

(ख) सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूबाट सम्माननीय प्रधानमन्त्री श्री के.पी. शर्मा ओलीज्यू स्वास्थ्य परीक्षणको सिलसिलामा सम्वत् २०७६ साल साउन १८ गते शनिबार सिंगापुरतर्फ प्रस्थान गर्नु हुने भएकोले प्रधानमन्त्रीको अनुपस्थितिमा प्रधानमन्त्रीले गर्ने दैनिक प्रशासनिक कार्य नेपालको संविधान बमोजिम प्रधानमन्त्रीको सिफारिशमा माननीय उपप्रधानमन्त्री एवं रक्षा मन्त्री श्री ईश्वर पोखरेलज्यूले सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा अनुरोध गर्दछु ।

मिति २०७६।०४।१७ (विनोद के.सी.)
सचिव

तत्पश्चात उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिका मा० सभापति श्री विमलप्रसाद श्रीवास्तवले "सेफगार्ड, एन्टी-डम्पिङ तथा काउण्टरभेलिङ विधेयक सम्बन्धी समितिको प्रतिवेदन, २०७६" र "औद्योगिक व्यवसाय विकास प्रतिष्ठान (पहिलो संशोधन) विधेयक सम्बन्धी समितिको प्रतिवेदन, २०७६" पेश गर्नुभयो ।

यसैबीच मा० श्री कृष्णभक्त पोखेलले नियमापत्ति गर्नुहुँदै मा० श्री राजेन्द्र महतोले आफुले बोल्ने क्रममा कसैको उदाहरण दिंदा कृष्णबहादुर महरा र नेपाल कम्युनिष्ट पार्टी (ने क पा) का अध्यक्ष पुष्पकमल दाहालको नाम लिनु संसदीय अभ्यास र मर्यादाभित्र नपर्ने भएकोले त्यसरी प्रयोग गरिएका कुरा रेकर्डबाट हटाउन माग गर्नुभएपछि सम्माननीय सभामुखले सो सम्बन्धमा मा० सदस्यले बोल्नेक्रममा प्रयोग भएका प्रतिनिधि सभा नियमावली, २०७५ को नियम २१ को (ख) र (ङ) बमोजिम प्रतिकूल हुने शब्दहरु रेकर्डबाट हटाउन सचिवालयलाई निर्देश गर्नुभयो ।

त्यसपछि कानून, न्याय तथा मानव अधिकार समितिका मा० सभापति श्री कृष्णभक्त पोखेलले "प्रशासकिय अदालत विधेयक सम्बन्धी समितिको प्रतिवेदन, २०७६" पेश गर्नुभयो ।

तदुपरान्त कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिका मा० सभापति श्री पूर्ण कुमारी सुवेदीले "वातावरण संरक्षण विधेयक सम्बन्धी समितिको प्रतिवेदन, २०७६" पेश गर्नुभयो ।

तत्पश्चात राज्य व्यवस्था तथा सुशासन समितिका मा० सभापति श्री शशि श्रेष्ठले "प्रहरी समायोजन विधेयक सम्बन्धी समितिको प्रतिवेदन, २०७६" पेश गर्नुभयो ।

तदनन्तर बैठक २०७६ साल साउन २१ गते मंगलबार दिनको १:०० बजे बस्नेगरी दिनको २:४५ बजे स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
संघीय संसदको महासचिव